





# जर्मनीदेखि नेपालसम्म



Like 92 1

Featured (get_category_link( 9 ))
News (get_category_link( 8 ))

Posted on June 16th, 2015



गत माघ २४ गते टोयोटाको कोरोल्ला कारको टेस्ट ड्राइभको क्रममा काठमाडौंदेखि बनेपा जादै थियौ । सडकमा दुई वटा हेभी बाइक देखिए । हामीलाई चासो लाग्यो । अलि फरक देखिने बाइक भए भने जसको पनि त्यस्ता बाइकमा आखा जादो रहेछ । पछिल्लो भागमा ठुलै ब्याग जस्तो देखिने ती बाइक धनीहरु नेपाली होइनन् जस्तो लाग्यो । बाटोमा मौका मिल्यो भने उनीहरुस“ग भेटेर कुरा गर्ने सल्लाह ग¥यौ ।

बनेपा भन्दा अलि यता रहेको पम्पमा उनीहरुले पेट्रोल भरे । हामी चाहिं बनेपाको प्रहरी चौकी नजिकै उभिएर उनीहरुलाई पर्खिन थाल्यौ । प्रहरीलाई पनि यसको वारेमा बतायौं र उनीहरुलाई रोक्नका लागि अनुरोध ग¥यौ । केही समयमै ती बाइक धनी आइपुगे । हामीले उनीहरुलाई आफ्नो परिचय दियौं र नेपालको एउटा प्रतिष्ठित पत्रिका भएको र उनीहरुको कार्य हाम्रै क्षेत्रसित सम्बन्धित भएकाले केही कुराकानीका लागि अनुरोध ग¥यौ । उनीहरुले यसमा आफ्नो स्वीकृति जनाए ।

उनीहरु लोग्ने स्वास्नी रहेछन् । श्रीमान् ओलिभर र श्रीमति कोरिन्ना । ओलिभरले परिचयको क्रममा एउटा गीतको अंश पनि सुनाए ... कोरिन्ना कोरिन्ना । उनले हामीलाई प्रश्न पनि गरे – यो गीत सुन्नु भएको छ ? उनीहरु जर्मन नागरिक रहेछन् । यसरी बाइकमै घुम्न थालेको २ बर्ष भएछ । सन् २०१३ को मे देखि उनीहरु यात्रामा निस्किएका रहेछन् । उनीहरु दुवैले ६०० सिसीको यामाहा टेनेर बाइक प्रयोग गरेका छन् । उनीहरुले यो यात्राकै लागि यी बाइक किनेका हुन् । सन् १९९९ मोडलको यो बाइक जर्मनीमा उनीहरुले लगभग एक हजार डलरमा किनेका थिए । उनीहरुले लगभग ७० हजार किलोमिटर यही बाइकमा यात्रा गरिसकेका छन् । एउटा सेतो र अर्को निलो रंगको । हेर्दा हेभी नै लाग्छ । तर यात्राका लागि यो बाइक एकदमै उपयुक्त भएको उनीहरुले बताए । पेशाले ओलिभर इलेक्ट्रोनिक्स इन्जिनियर हुन् भने कोरिन्ना डाक्टर । उनीहरु ग्रीस, टर्की, इरान, पाकिस्तान, भारत हुदै नेपाल आएका हुन् । नेपालमा उनीहरु गत बर्षको अगस्ट महिनामा प्रबेश गरेका थिए । त्यतिखेर बर्षाको समय भएकाले उनीहरु पोखरा र यसको आसपासका क्षेत्रमा धेरै दिन बिताए । जोमसोम जाने चाहना भए पनि मौसमका कारण जान सकेनन् । यद्यपि नेपालका पोखरा र अन्नपुर्ण सर्किटमा घुमेको बेग्लै सम्झना उनीहरुको मनमा ताजा रुपमा रहेको छ । यसलाई उनीहरुले जीवनकै अविष्मरणिय घटना मान्छन् ।

नेपालमै रहदा उनीहरु बीचमा केही समयका लागि जर्मनी पनि फर्के । घर परिवारको सम्झना कसलाई हुदैन र ? स्वतन्त्र रुपमा राइडिङको अनुभव लिने उद्देश्यले घरबाट निस्केको यो जोडीलाई पनि घरको सम्झना भयो नै । घरबाट पनि यसका लागि धेरै गुनासो आयो रे । त्यसैले उनीहरु नेपालमै भएको समयमा केही समयका लागि जर्मनी फर्के । जर्मनीमा गएर घर परिवार र साथीभाईस“ग रमाइलो गरे । बीचमा लगभग २ महिना उनीहरु जर्मनीमा बसे । नेपालबाट जर्मनी हवाइजहाज मार्फत जान आउन सजिलो हुने ओलिभरले बताए । त्यसैले नै उनीहरु गए र फेरि फर्केर आए । अहिले उनीहरुले फेरि बाइक मार्फत आफ्नो यात्रालाई जारी राखेका छन् । अब केही समय नेपाल बसेर २ महिना पछि जर्मनी फर्किने उनीहरुको योजना छ ।
प्रविधिको प्रयोगले पनि अहिलेको यात्रालाई सहजता प्रदान गर्छ । ओलिभरले आफ्नो हेलमेटमा गोप्रो क्यामेरा र जिपिएस राखेका छन् । जिपिएसको सहयोगले विभिन्न स्थानको बारेमा आवश्यक जानकारी लिन सकिन्छ भने क्यामेराले सडकका दृश्यलाई भिडियोका रुपमा कैद गर्छ । उनीहरुले आफ्नो वा यात्राको बारेमा जानकारी प्रदान गर्नका लागि यिकनभशयनभल।मभ नामक वेबसाइटको निर्माण पनि गरेका छन् । यसबाट उनीहरुका वारेमा आवश्यक जानकारी लिन पनि सकिन्छ ।

यात्रा गर्नु मात्र उनीहरुको उद्देश्य होइन । उनीहरुमा समाजसेवाको भावना पनि छ । पेशा नै त्यस्तै भएर पनि हुनसक्छ । उनीहरु खासगरी स्वास्थ्य क्षेत्रमा केही गर्न चाहन्छन् । कोरिन्नाले खासगरी पाकिस्तान बस्दा यो क्षेत्रमा धेरै समाजसेवा गरिन् । उनले भविष्यमा नेपालमा पनि गर्न सकिने केही काम भए आफुले गर्ने कुरा हामीलाई बताइन् ।

एउटा सुन्दर र जवान जोडी । जोगी जस्तो फुक्काफाल भएर यात्रामा निस्केको जोडी । बीचमा कुनै कठिनाई पनि त आए होलान् । यद्यपि त्यस्तो ठुलै कठिनाई भने नआएको उनीहरुले बताए । बाइकमा आउने सामान्य किसिमका समस्यालाई पनि उनीहरु आफै समाधान गर्छन् । यसका लागि अघिल्लो भागमा टुल बक्स नै राखेका छन् । टायर पंचर देखि लिएर यस्तै सामान्य मर्मत आफै गर्छन् ओलिभरले ।

पेशा गतिलै भए पनि उनीहरु बीचमा दुवैले आफ्नो जागिर छोडेर आएका थिए । अब जर्मनी फर्केर फेरि आफ्नो पेशालाई निरन्तरता दिनेछन् । त्यसपछि आफ्नो पारिवारिक संसारलाई पनि अगाडि बढाउने छन् । सन्तान उत्पादन गर्नेछन् । अनि जिन्दगीको रफ्तारलाई आफ्नै गतिमा अगाडि बढाउने छन् ।

जिन्दगी एउटा यात्रा हो । यात्रा अनिश्चित हुन्छ । उनीहरु पनि अनिश्चित यात्रालाई अगाडि बढाइरहेका थिए । पनौती नजिकै बसेर गफ गर्दै स्थानीय सानो होटलको चिया खादै गफ ग¥यौ । उनीहरु पनि हामीस“ग कुराकानी गर्न पाउदा खुसी भए । अनि यात्राको सफलताको कामना गदै बिदा भयौं ।

LEAVE A REPLY

Name: (required)

Email: (required)

Few words:

## हाल अपलोड



रेष्टुरेन्टमा उदय...
August 27, 2015

(http://nepalauto.com/%e0%a4%b0%e0%a5%87%e0%a4%
%e0%a4%89%e0%a4%a6%e0%a4%af/)



हिरोका बाइक र स्कुटरको मूल्य सूची...
January 3, 2016

(http://nepalauto.com/%e0%a4%b9%e0%a4%bf%e0%a4%
%e0%a4%ac%e0%a4%be%e0%a4%87%e0%a4%95-%e0%a4
%e0%a4%b8%e0%a5%8d%e0%a4%95%e0%a5%81%e0%a4
%e0%a4%ae%e0%a5%82/)



हुन्डाईले भारतमा 40 लाख कार बेच्यो...
November 26, 2015

(http://nepalauto.com/%e0%a4%b9%e0%a5%81%e0%a4%
%e0%a4%ad%e0%a4%be%e0%a4%b0%e0%a4%a4%e0%a4
%e0%a4%b2%e0%a4%be%e0%a4%96-%e0%a4%95/)




(http://nepalauto.com/wp-content/themes/autonepal/img


## इ-पेपर (HTTP://NEPALAUTO.COM/ISSUES/)



(http://nepalauto.com/wp-content/uploads/2015/11/nov_i

## पत्रिकाको लागि सदस्यता

Enter email address

(http://nepalauto.com/wp-content/uploads/2015/06/PG_

I'm not a robot

reCAPTCHA
Privacy - Terms

SUBMIT COMMENT

## RELATED POSTS

### अर्को सातादेखि मागअनुसार पेट्रोल (HTTP://NEPALAUTO.COM/%E0%A4%85%E0%A4%B0%E0%A5%8D%E0%A4%95%E0%A5%8B-%E0%A4%B8%E0%A4%BE%E0%A4%A4%E0%A4%BE%E0%A4%A6%E0%A5%87%E0%A4%96%E0%A4%BF-%E0%A4%AE%E0%A4%BE%E0%A4%97%E0%A4%85%E0%A4%A8%E0%A5%81%E0%A4%B8%E0%A4%BE%E0%A4%B0/)



comments : 0 Comments (http://nepalauto.com/%e0%a4%85%e0%a4%b0%e0%a5%8d%e0%a4%95%e0%a5%8b-%e0%a4%b8%e0%a4%be%e0%a4%a4%e0%a4%be%e0%a4%a6%e0%a5%87%e0%a4%96%e0%a4%bf-%e0%a4%ae%e0%a4%be%e0%a4%97%e0%a4%85%e0%a4%a8%e0%a5%81%e0%a4%b8%e0%a4%be%e0%a4%b0/#respond)
Tags : diesel and petrol distribution (http://nepalauto.com/tag/diesel-and-petrol-distribution/), Nepal oil corporation (http://nepalauto.com/tag/nepal-oil-corporation/)

Posted on 07 January 2016.

पुस २३, काठमाडौं – आयल निगमले अर्को सातादेखि उपत्यकामा दैनिक मागअनुसार पेट्रोल वितरण गर्ने तयारी गरेको छ । दैनिक बरौनीबाट [...]
Read More... (http://nepalauto.com/%e0%a4%85%e0%a4%b0%e0%a5%8d%e0%a4%95%e0%a5%8b-%e0%a4%b8%e0%a4%be%e0%a4%a4%e0%a4%be%e0%a4%a6%e0%a5%87%e0%a4%96%e0%a4%bf-%e0%a4%ae%e0%a4%be%e0%a4%97%e0%a4%85%e0%a4%a8%e0%a5%81%e0%a4%b8%e0%a4%be%e0%a4%b0/)

### केरुङ जाने सडक निर्माणमा ढिलाइ (HTTP://NEPALAUTO.COM/%E0%A4%95%E0%A5%87%E0%A4%B0%E0%A5%81%E0%A4%99-%E0%A4%9C%E0%A4%BE%E0%A4%A8%E0%A5%87-%E0%A4%B8%E0%A4%A1%E0%A4%95-%E0%A4%A8%E0%A4%BF%E0%A4%B0%E0%A5%8D%E0%A4%AE%E0%A4%BE%E0%A4%A3%E0%A4%AE%E0%A4%BE/)



comments : 0 Comments (http://nepalauto.com/%e0%a4%95%e0%a5%87%e0%a4%b0%e0%a5%81%e0%a4%99-%e0%a4%9c%e0%a4%be%e0%a4%a8%e0%a5%87-%e0%a4%b8%e0%a4%a1%e0%a4%95-%e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5%8d%e0%a4%ae%e0%a4%be%e0%a4%a3%e0%a4%ae%e0%a4%be/#respond)
Tags : सडक (http://nepalauto.com/tag/%e0%a4%b8%e0%a4%a1%e0%a4%95/)

Posted on 07 January 2016.

पुस २३, काठमाडौं – सरकारले रसुवा-स्याफ्रुबेंसी सडक निर्माण संकटकालीन परियोजना घोषणा नगरी निर्माण प्रक्रिया अघि बढाएको छ । दुई वर्षमा [...]
Read More... (http://nepalauto.com/%e0%a4%95%e0%a5%87%e0%a4%b0%e0%a5%81%e0%a4%99-%e0%a4%9c%e0%a4%be%e0%a4%a8%e0%a5%87-%e0%a4%b8%e0%a4%a1%e0%a4%95-%e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5%8d%e0%a4%ae%e0%a4%be%e0%a4%a3%e0%a4%ae%e0%a4%be/)

### बेलहिया नाकाबाट भित्रियो 56 गाडी इन्धन (HTTP://NEPALAUTO.COM/%E0%A4%AC%E0%A5%87%E0%A4%B2%E0%A4%B9%E0%A4%BF%E0%A4%AF%E0%A4%BE-%E0%A4%A8%E0%A4%BE%E0%A4%95%E0%A4%BE%E0%A4%AC%E0%A4%BE%E0%A4%9F-%E0%A4%AD%E0%A4%BF%E0%A4%A4%E0%A5%8D%E0%A4%B0%E0%A4%BF%E0%A4%AF-2/)



comments : 0 Comments (http://nepalauto.com/%e0%a4%ac%e0%a5%87%e0%a4%b2%e0%a4%b9%e0%a4%bf%e0%a4%af%e0%a4%be-%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%ad%e0%a4%bf%e0%a4%a4%e0%a5%8d%e0%a4%b0%e0%a4%bf%e0%a4%af-2/#respond)
Tags : बेलहिया नाकाबाट भित्रियो ३२ वटा इन्धन गाडी (http://nepalauto.com/tag/%e0%a4%ac%e0%a5%87%e0%a4%b2%e0%a4%b9%e0%a4%bf%e0%a4%af%e0%a4%be-%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%ad%e0%a4%bf%e0%a4%a4%e0%a5%8d%e0%a4%b0%e0%a4%bf%e0%a4%af%e0%a5%8b/)

Posted on 06 January 2016.

काठमाडौं २२ पुस – रुपन्देहीको बेलहिया नाका भएर ५६ गाडी इन्धन नेपाल भित्रिएको छ । इलाका प्रहरी कार्यालय बेलहियाका अनुसार [...]
Read More... (http://nepalauto.com/%e0%a4%ac%e0%a5%87%e0%a4%b2%e0%a4%b9%e0%a4%bf%e0%a4%af%e0%a4%be-%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%ad%e0%a4%bf%e0%a4%a4%e0%a5%8d%e0%a4%b0%e0%a4%bf%e0%a4%af-2/)

### आज 53 पम्पबाट निजी कारलाई तेल (सूचीसहित) (HTTP://NEPALAUTO.COM/%E0%A4%86%E0%A4%9C-%E0%A5%AB%E0%A5%A9-%E0%A4%AA%E0%A4%AE%E0%A5%8D%E0%A4%AA%E0%A4%AC%E0%A4%BE%E0%A4%9F-%E0%A4%A8%E0%A4%BF%E0%A4%9C%E0%A5%80-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%B2%E0%A4%BE%E0%A4%88/)



comments : 0 Comments (http://nepalauto.com/%e0%a4%86%e0%a4%9c-%e0%a5%ab%e0%a5%a9-%e0%a4%aa%e0%a4%ae%e0%a5%8d%e0%a4%aa%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%a8%e0%a4%bf%e0%a4%9c%e0%a5%80-%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a4%b2%e0%a4%be%e0%a4%88/#respond)
Tags : diesel and petrol distribution (http://nepalauto.com/tag/diesel-and-petrol-distribution/), Nepal oil corporation (http://nepalauto.com/tag/nepal-oil-corporation/)

Posted on 06 January 2016.

पुस २२, काठमाडौं – नेपाल आयल निगमले आज बुधबारदेखि काठमाडौंमा निजी कार तथा जीपलाई पेट्रोल वितरण सुरु गर्दैछ । भारतबाट पेट्रोलियम [...]
Read More... (http://nepalauto.com/%e0%a4%86%e0%a4%9c-%e0%a5%ab%e0%a5%a9-%e0%a4%aa%e0%a4%ae%e0%a5%8d%e0%a4%aa%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%a8%e0%a4%bf%e0%a4%9c%e0%a5%80-%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a4%b2%e0%a4%be%e0%a4%88/)



(http://nepalauto.com/wp-content/uploads/2016/01/Elgi.j

(http://nepalauto.com/wp-content/uploads/2015/06/PG_






(http://nepalauto.com/wp-content/uploads/2015/09/autoa



(http://nepalauto.com/wp-content/uploads/2015/06/Hotel Country-Villa-Ad.jpg)




(http://nepalauto.com/wp-content/uploads/2015/08/~103EF800CE55224680AFBE83



(http://nepalauto.com/wp-content/uploads/2015/09/Presa

(http://www.mawnepal.com/) (http://volkswagen.com.np/) (http://toyota.com.np) (http://www.tmdugargroup.com/) (http://www.ford.com.np/) (http://www.skoda.com.np/) (http://www.nepal.tatamotors.com/) (http://honda.com.np/) (http://www.ngmhero.com/)

01-4-255216 / 01-4-253778

977-01-4255216

auto.editor@yahoo.com (mailto:auto.editor@yahoo.com)

कम्पनीको जानकारी

- गृहपृष्ठ
- हाम्रो बारे
- समाचार
- सम्पर्क राख्नु

द्रुत संपर्क

Name

Email Address

Tel No

Type your message ...

बुझाउनुस्

Copyright © 2014. All Rights Reserved.

Designed & Hosted by: DAC (http://digitalagencycatma